# करार सम्बन्धी ऐन, २०२३

लालमोहर र प्रकाशन मिति

२०२३।६।९

२०२३ सालको ऐन नं. २०

**करार सम्बनधी व्यवस्था गर्न बनेको एन**

**प्रस्तावना**: करार सम्बन्धीकानूनको व्यवस्था गर्न वाञ्छनीए भएकोले,

श्री ५ माहाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट राष्टिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

१ **सक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नामा "करार सम्बनधी ऐन २०२३" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भरी लागु हुनेछ ।

(३) यो ऐन २०२३ साल पौष १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषयर प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "करार" भन्नाले दुई वा दुइ भन्दा बढि पक्षहरुका बिच कुनै कम गर्न वा नगर्नका लागी गरी एको मञजुरी सम्झनुपर्छ ।

(ख) "प्रस्ताव" भन्नाले कुनै काम गर्न वा नगर्नकालागी स्वीकृती पाउने आशाले कुनै ब्यक्तिले अर्को कुनै व्यक्तिका समक्ष राखेको प्रस्ताव सम्झनु पर्छ ।

(ग) "स्वीकृति" भन्नाले प्रस्तावको कुरा प्रस्ताव राख्ने व्यक्तीले जुन अर्थमा लिएका छ सो कुरामा जसका समक्ष प्रस्ताव राखिएके हो सो व्यक्तिले सोहि अर्थमा दिएको सहमति सम्झनुपर्छ ।

३. **करार गर्ने पक्ष** :देहाएका व्यक्ति वाहेक अरु जुनसुकै व्यक्तिले पनि करार गर्न सक्नेछ ।

(क) १६ बर्ष उमेर नपुगेको व्यक्ति ।

(ख) होश ठेगानामा नभएको व्यक्ति ।

नेपाल कानून आयोग

(२) उपदाफा (१) बमोजीम अयोग्य भएको व्यक्तिका तर्फबाट निजको हितको लागी निजको करारको संरक्षकले करार गर्न सक्नेछ ।

४. **प्रस्ताव अस्युकृति** : (१) कुनै व्यक्तिले कुनै व्यक्तिको समक्ष प्रस्ताव राखेको सो प्रस्ताव पाउने प्यक्तिले सो प्रस्ताव स्वुकृति गरेमा करार भएको मानिनेछ ।

(२) उपदपा (१) बमोजीम प्रस्ताव राख्ने व्यक्तिले प्रस्ताव अस्वीकार गरेको सुचना यो समय सम्ममा मैले पाउँ भनी प्रस्ताव राखेकोमा सो समय भित्र स्वीकार गरेको सूचना प्रस्ताव राख्ने व्यक्तिले नपाएमा करार भएको मानिने छैन ।

(३) उपदपा (२) बमोजीम प्रस्ताव स्वीकार गरेको सुचना पाउनुपर्ने समय उल्लेख नभएकोमा जुन व्यक्तिको समक्ष प्रस्ताव राखिएको हो । सो व्यक्तिले मुनासीव समयभित्र स्वीकार गरेको सूचना प्रस्ताव राख्ने व्यक्तिलाई नदिएमा करार भएको मानिने छैन ।

(४) प्रस्ताव राख्ने कुनै व्यक्तिले आफनो प्रस्तावमा यो समय सम्म प्रस्ताव इन्कार गरेको सूचना पाइन भने प्रस्ताव स्वीकार गरेको सम्झनेछु, भन्ने व्यवहोराको प्रस्ताव राखेको भएपनी सो समय भित्र इनकारी सूचना नपठाउदैमा प्रस्तव स्वीकार भएको मानीने छैन ।

(५) प्रस्ताव राख्ने व्यक्ति प्रस्ताव राखेपछि तर स्वीकृति पाउनु भन्दा अगावै मरेमा वा निजको होस ठेगानामा नरहेमा प्रस्ताव रद्द भएको मानीने छ ।

(६) स्वीकृति दिने व्यक्ति स्वीकृती लिए पछि तर प्रस्ताव राख्ने व्यक्तिले स्वीकृति पाउनु भन्दा अगावै मरेमा वा निजको होस ठेगानामा नरहेमा प्रस्ताव रद्द भएको मानीने छ ।

(७) स्वीकृति दिने व्यक्तिले प्रस्तावको कुनै कुरा परिवर्तन गरी कुनै शर्त राखी स्वीकृति दिएमाको प्रस्ताव इन्कार गरिएको मानिनेछ ।

(५) **प्रस्ताव वा स्वीकृति रद्द गरीएको मानिने** : (१) प्रस्ताव राख्ने व्यक्तिले आफनो प्रस्ताव सूचना द्वारा रद्द गर्न सक्नेछ ।

तर प्रस्ताव रद्द गरीएको सूचना पाउनु भन्दा अगावै जसका समक्ष प्रस्ताव राखिएको हो सो व्यक्तिले प्रसतावमा स्वीकृति दिइसकेको भए सो प्रस्ताव रद्द गरीने छैन ।

नेपाल कानून आयोग

(२) प्रस्तावमा स्वीकृति दिने व्यक्तिले आफुले पठाएको स्युकृति सूचनाद्वारा रद्द गर्न सक्नेछ ।

तर स्वीकृति रद्द गरेको सूचना पाउनु भन्दा अगावै जसका समक्ष स्वीकृतिको सूचना पठाएको हो सो व्यक्तिले सूचना पाइसकेको भए स्वीकृति रद्द हुनेछैन ।

(३) प्रस्तावना इन्कारी गरी सूचना पठाउने व्यक्तिले पुन : प्रस्तावमा स्वीकृति दिइ सूचना पठाउन सक्नेछ ।

तर, यसरी इन्कारी जनाइएको वा स्वीकृति दिएको सूचनाहरुमध्य इन्कारी जनाएको सूचना अगावै पुगेमा करार भएको मानीने छैन । स्वीकृति जनाइएको सूचना अगावै पुगेमा करार भएको मानीनेछ ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव पठाइसकेपछि प्रस्ताव रद्द गरीएको सूचना पठाइएकोमा वा उपदफा (२) बमोजिमा स्वीकृति पठाइ सकेपछि सूचना रद्द गरीएको सूचना पठाइएको वा उपदफा (३) बमोवीम इन्कारी जनाई पठाई सकेपछि स्वीकृति जनाई पठाइएकोमा दुवै सूचनाहरु सम्बन्धित व्यक्तिले साथ साथ एकै बखत पाएमा करार भएको मानिने छैन ।

६. **सर्वसाधाण राखिएको प्रस्ताव बमोजीमको करार** : (१) कुनै व्यक्तिले बिज्ञापन प्रकाशित गरी विज्ञापनमा उल्लिखित कुनै काम कसैले गरेमा कुनै पारीतोषित दिनेछु भन्ने प्रस्स्ताव राखेमा र सो विज्ञ्यापन बमोजिमको काम कुनै व्यक्तिले गरेमा सो व्यत्तिललाई विज्ञ्यापन प्रकाशित गर्ने व्यक्तिले उल्लिखित पारितोषिक दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको प्रस्ताव जुन माध्यम द्वारा प्रकाशित भएको हो सोहि माध्यम द्वारा रद्द गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापनमा विज्ञापन बमोजिम गर्नु पर्ने यो समयसम्म गरी सक्नु पर्नेछ भनी समय किटान गरी विज्ञापन इिएकोमा सो समय व्यतित हुनासाथ विज्ञापन बमोजिमको प्रस्ताव रद्द हुनेछ ।

(४) उपदफा (१) बमोजिम राखिएको प्रस्तावमा उल्लेख भएको काम एक भन्दा बढि जतिसुकै व्यक्तिले गरेको भए तापनी जुन व्यक्तिले सबैभन्दा पहिले गरेको हो सो व्यक्तिले मात्र पारीतोषीक पाउनेछ । तर दुई वा दुई भन्दा बढि जतिसुकै व्यक्तिले विज्ञापन

बमोजिमको काम गरेका भए सो समयमा काम गर्ने सबै व्यक्तिले उल्लिखित पारीतोषिक बराबर बाँाँडि लिन पाउने छन् । पारितोषिक बाँड्न नसकिने भए त्यसलाई बिक्रि गरी आएको रुपैँयामा सबैको बराबर भाग लाग्नेछ ।

७. **बदर गराउन सकिने करार** : देहायका करार सो करार बाट मर्का पर्ने व्यक्तिले बदर गराउन सक्नेछ :-

(क) करकापबाट भएको करार ।

स्पष्टीकरण : नेपाल अधिराज्यभित्र वा बाहिर कुनै व्यक्तिलाई निजको ईच्छा बिरुद्व करार गराउनने मनसायले निजको सम्पत्ति रोक्का राखेको वा राख्न धम्कि दिएको वा निजको इज्जतमा धक्का पुऱ्उने धम्कि दिएको वा प्रचलीत नेपाल कानूनको विपरित अन्य कुनै काम गरेको वा गर्न धम्कि दिएको भए करकाप गरेको सम्झनु पर्छ ।

(ख) अनुचित प्रभाव बाट भएको करार ।

**स्पष्टीकरण** : (१) आफनो प्रभावमा रहेको आफनो इच्छानुसार काम गराउन सक्ने व्यत्तिबाट आफनो हित वा स्वार्थका लागी कुनै अनुचित लाभ उठाउने मनसाएले त्यस्तो व्यक्ति उपर प्रयोग गरेको प्रभावलाई अनुचित प्रभाव सम्झनु पर्छ ।

(२) **स्पष्टीकरण** : (१) को सर्बसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी देहाएका व्यक्तिलाई आफनो प्रभावमा रहेमा आफनो ईच्छानुसार काम गराउन सकिने व्यक्ति सम्झनुपर्छ ।

(१) आफना अधिकार, संरक्षण वा जिम्मामा रहेका व्यक्ति,

(२) वृद्वावस्था, बिरामी अवश्त्त शारीरिक र मानसिक वा मानसिक दुर्वलताले गर्दा केहि समए वा सदाका लागि आफनो हितको विचार गर्न नसक्ने व्यक्ति,

(३) आफूले आर्थिक दवाव पार्न सकिने व्यक्ति,

(ग) जालसाज बाट भएको करार ।

**स्पस्टीकरण** : करार गर्ने पक्ष वा निजको प्रतिनिधिले अर्को पक्ष वा निजको प्रतिनिधिलाई धोका दिने नियत बाट कुनै कुरा सत्य होइन भन्ने जानकारी हुदा हुदै सो



नेपाल कानून आयोग

कुरा सत्य हो भनी विश्वास दिलायको वा विश्वास पर्न सक्ने कुनै काम गरेका वा कुनै तथ्यबारे जानकारी हुदाहुदै सो तथ्य जानि जानि लुकाएको वा प्रचलीत नेपाल कानून बमोजिम जाल साज हुने अन्य कुनै काम गरेको भए जालसाज गरेको सम्झनु पर्छ ।

(घ) झुक्याई गराएको करार ।

**स्पष्टीकरण**:: कुनै व्यक्तिले धोखा दिने नियत नलिई गरेको देहाय बमोजिमको कामर्लाृ झुक्यायको सम्झनु पर्छ :-

(क) मुनासिब आधार बेगर कुनै कुराको झुट्ठा विवरण दिएको,

(ख) कुनै पक्षलाई मर्का पर्ने गरी बहकाएमा,

(ग) अज्ञानतावश करारको विषय वस्तुमा गल्ती गरायमा ।

८. **बदर हुने करार** : (१) देहायको करार बदर हुनेछ :-

(क) प्रचलीत नेपाल कानून बाट निशेध नगरीएको पेशा, व्यवसाय वा व्यापार गर्न बाट कसैलाई रोक्न लगाईएको करार,

(ख) प्रचलीत नेपाल कानून बाट निशेध गरीएको विवाह बाहेक अरु विवाहमा रोक लगाईएको करार,

(ग) सर्वसाधारणले उपभोग गरिरहेको सुविधा कसैलाई उपभोग गर्नबाट रोक लगाईएको करार,

(घ) कसैलाई पाएको कानूनी अधिकार कुनै अड्डा अदालतबाट प्रचलन गराई पाउनबाट रोकेको करार,

(ङ) प्रचलीत नेपाल कानूनको विरुद्धमा भएको करार,

(च) अनैतीक उद्देश्यको लागि वा सार्वजनिक नीति वा हितको विरुद्धमा भएको करार,

(छ) जुन विषय बस्तुका सम्बन्धमा करार भएको हो सो विषय करार गर्ने पक्षहरुलाई स्पष्ट रुपमा थाहा नभए बाट करार पूरा गर्न नसकिने अवश्थामा पुगेको करार,

(ज) करार गर्दाकै अवश्थामा असम्भव भएको वा करार भइसकेपछि करार बमोजिम गर्नु पर्ने काम असम्भव भएकोमा त्यस्तो करार,

(झ) मुनासिफ अर्थ दिन नसक्ने भै अस्पष्ट भएको करार ।

नेपाल कानून आयोग

(२) कुनै करार को केही भाग मात्र उपदफा (१) बमोजीम बदर हुने अवश्थाको रहेछ र सो बदर हुने भाग करारको अरु भागसंग छुत्याउन सकिने रहेछ भने सो बदर हुने भाग जति मात्र बदर हुनेछ ।

९. **<u>अप्रत्यक्ष करार</u>** : प्रत्यक्ष रुपले करार नगरेको भए तापनि देहाएका अवस्थामा देहाए बमोजिम करार भएको मानीनेछ :-

(क) यस ऐन वा अन्य प्रचलीत नेपाल कानून बमोनिम करार गर्न असमर्थ भनी किटिएका व्यक्तिलाई वा त्यस्ता व्यक्तिले पालन पोषण गर्नु पर्ने कुरा ब्यक्तिलाई निजको सामाजिक हैसियत सुहाउँदो कुनै चीज बस्तुको आवश्यक्ता पूरा गरी दिएकोमा सो पूर्ति गर्ने वक्तिलाई निजले दिएको चीज वस्तुको मोल त्यस्तो असमर्थ व्यक्तिको सम्पतिबाट भराईदिने ।

(ख) कुनै वक्तिले प्रचलीत नेपाल कानून बमोजीम तिर्नु पर्ने कुनै रकम तिरे वा नतिरेको कुरामा सरोकार हुने व्यक्तिले त्यस्तो रकम आफनो तिरी दिएकोमा सो तिर्ने व्यक्ति लाई निजले तिरेको ति रकम सो तिर्नु पर्ने व्यक्तिको सम्पत्तिबाट भराई दिने ।

(ग) कुनै व्यक्तिले कुनै व्यक्तिलाई कुनै कुरा दिएको वा कुनै काम लगाएकोमा सो काम कुरा अनुसारको मोल वा पारिश्रमिक दिने ।

(ङ) भूलले कसौले कुनै रकम दिएकोमा सो रकम निजलाई फिर्ता गर्ने ।

१०. **<u>करार गर्ने पक्षको दायित्व</u>** : (१) करार गर्ने प्रत्यक पक्षले आफनो दायित्व पूरा गर्नु पर्छ । दुई वा सो भन्दा बढि व्यक्तिहरु मिलि सयुक्त रुपले कुनै अर्को पक्ष संग करार गरेमा करारबाट अन्यथा अभिप्राय नदेखिएमा संयुक्त रुपमा करार गर्ने व्यक्तिहरु कुनै वा सबैबाट सो करार बमोजिमको दायित्व पूरा गराउन सकिनेछ ।

(२) करार गर्ने कुनै व्यक्तिको मृत्यु भएमा वा निजको होश ठेगानामा नरहेमा निजको हक र दायित्व निजको हकवालामा सर्नेछ । तर निजि योग्यताको आधारमा प्राप्त हुने हक वा पूरा गर्नु पर्ने दायित्व भने हकवालाममा सर्ने छैन।

नेपाल कानून आयोग

११. **सुविधा दिनु पर्ने** : करार बमोजिम दायित्व पूरा गर्नु पर्ने सम्बन्धमा करार गर्ने पक्ष हरुले एक अर्का लाई आफनो तर्फबाट दिनुपर्ने आवश्यक सुविधा दिनु पर्छ । त्यस्ता सुविधा नदिएबाट करार पूरा हुन नसकेमा करार पूरा गर्न नसक्ने पक्ष उत्तरदायी हुने छैन ।

१२. **करारमा कुनै वा सबै कुरा हेर फेर हुन सक्ने** : (१) करार गर्ने कुनै पक्षले अर्को पक्षको मञ्जुरी लीई करार बमोजीम गर्नु पर्ने कामको सम्पुर्ण वा कुनै भाग छोड्न वा करार बमोजीम गर्नु पर्ने कामको अवधि बढाउन वा करारमा उल्लिखित कामको सट्टा अन्य कुनै काम गर्न सक्नेछ ।

(२) करार गर्ने कुनै पक्षले आफुले गर्नु पर्ने काम अन्यथा अभिप्राय नदेखिएमा कुनै अर्को व्यक्ति बाट गराउन हुन्छ ।

१३. **करार पुरा गर्ने समय र तरीका** : (१) करारमा करार पुरा गर्ने समय वा तरीका उल्लेख भएकोमा उल्लीखित समय भित्र उल्लेखित तरीका बमोजिम करार पुरा गर्नु पर्छ ।

(२) करार बमोजीमको काम गर्न करार मा कुनै समय वा तरीका तोकिएको रहेनछ तर सो काम कुनै खास समयमा वा खास तरीकाले मात्र गर्न सकिने रहेछ भने सोहि समयमा सोही तरीका बमोजीम गर्ने करार भएको मानीनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करार पुरा गर्ने समय वा तरीका उल्लेख नभएकोमा मुनासीब समय भित्र मुनासीब तरीका अपनाई पुरा गर्नपर्छ ।

१४. **करार पूरा गर्ने ठाउँ** : (१) करारमा करार बमोजीमको काम गर्ने कुनै निश्चत ठाउँ तोकिएको रहेछ भने सो काम सोहि ठाउँमा पूरा गर्नु पर्छ ।

(२) करार बमोजीम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिनु बुझाउनु पर्दा सो दिनु बुझाउनु पर्ने ठाउँ करारमा नतोकिएकोमा सो मालसामान रहे भएको ठाउँमा दिनु बुझाउनु पर्दछ ।

(३) करार बमोजीम काम गर्न कुर्न निश्चित ठाउँ तोकिएको रहेनछ तर सो काम खास ठाउँमा मात्र गर्न सकिने वा चलन व्यवहार बमोजीम अनुसार खास ठाउँमा गर्नु पर्ने किसीमको रहेछ भने सो काम सोहि ठाउँमा गर्ने करार भएको मानीनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए बाहेक अन्य अवस्थामा करार बमोजीम काम गर्ने ठाउँ नतोकिएकोमा मनासिव माफिकको ठाउँ तोक्ने अर्को पक्ष लाई सूचना दिनु पर्छ र सो अर्को पक्षले पनी मनासीब माफिमको ठाउँ तोकिदिनु पर्छ।

१५. **क्षतिपूर्ति :** (१) करार गर्ने कुनै पक्षले करार पूरा नगरेमा अर्को पक्षले क्षति पूर्ति भराई लिन पाउँछ ।

(२) करारमा कुनै खास कुराको क्षतिपूर्ति पाउने भन्ने उल्लेख भएको रहेछ भने सोहि बमोजीम र सो उल्लेख नभएकोमा क्षतिपूर्ति दावी गर्नेले वास्तवीक हानी नोक्सानी सहनु परेको जति मात्र भराई पाउन सक्नेछ । अप्रत्क्ष वा काल्पनीक हानी नोक्सानी भराईने छैन ।

१६. **करार रद्द वा बदर भएमा त्सको परिणाम** : करार गर्ने कुनै पक्षले हर्को पक्षसँग करार बमोजीम केही नगदिवा जिन्सी वा अन्य कुनै लाभ पाई सकेपछि सो करार दुबै पक्षको मञ्जुरीले रद्द भएमा वा एस एन वा प्रचलीत एन कानून बमोजीम बदर भएमा सो दिएको नगदि वा जिन्सी फिर्ता गर्नु पर्छ । नगदि वा जिन्सीमा बाहेक अरु कुनै लाभ दिएको हकमा सो लाभ दिए बापत मुनासीब रकम क्षतिपूर्ति स्वरुप पाउन सक्नेछ।

१७. **अन्य प्रचलीत नेपाल कानूनको पनि पालना गर्नु पर्ने** : यस ऐन बमोजीम भएको अन्य कनै करार बमोजीम को काम पूरा गर्ने सम्वन्धमा सो काम पूरा गर्दा प्रचलीत नेपाल कानून बमोजीम अपनाउनु पर्ने काम कारवाईमा यस ऐनको कुनै पनि कुराले बाधा पुऱ्याएको मानीने छैन ।

१८. **ह्दम्याद** : (१) कुनै खास किसीमको करार वा करार सम्बन्धि कुनै खास कुराको सम्बनधमा अन्य प्रचलीत नेपाल कानूनमा कुनै खास हदम्याद तोकिएको रहेछ भने सो हद म्यादका सम्वन्धमा सोही बमोजीम हुनेछ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य करारका हकमा देहाएको हदम्याद भित्र नालिस नदिए सो हद म्याद पछि नालिस लाग्ने छैन :-

(क) यस एनमा बदर हुने भनी लेखिएको करार बदर घोसीत गराउन जहिले सुकै पनि,

नेपाल कानून आयोग

(ख) यस एनको दफा ७ बमोजीम बदर गराउन हुने भनी देखिएको करारको हकमा सो बदर गराउन वपाउने कुरा बदर गराउन पाउने पक्षले थाहा पाएको मितिले ३५ दिनभित्र,

(ग) यस एन अर्न्तगतको अन्य कुनै दावीको हकमा मुद्दा गर्नु पर्ने कारण परेको मितिले तीन महिना भित्र ।

१९. **खारेज र बचाउ** : (१) मुलुकि एन लेनदेन व्यवहारको ३७ नं. ‌॥ ॥ खारेज गरीएकोछ ।

(२) यो ऐनसंग बाझिने नेपाल कानून बाझिएको हदसम्म खारेज भएको मानिनेछ ।

तर रकम र सरकारी ठेक्का बन्दोबस्ता ऐन, २०२० लाई यस ऐनमा उल्लेख भएका कुनै कुराले प्रतिकुल प्रभाव पारेको मानिनेछ ।

नेपाल कानून आयोग

· द्रक्ष्टव्य : नेपाल कानून ) संशोधन) एन २०२५४ द्वारा रुपान्तर गरिएको शब्द :-
"गजेट" को सट्टा "राजपत्र"